टेलफोनिक भिजिट भेरिफिकेसन (Telephonic Visit Verification; TVV) लाई IVR (आइभीआर) पनि भनिन्छ, जुन तपाईंले गरेको कामको समय विवरण राख्ने तरिका हो । तपाईंको पालोको सुरु र अन्त्यमा, तपाईंले कामको समय खाता प्रणालीलाई तपाईंले काम गर्न थाल्नु भएको छ (clock-in; क्लक-इन) र तपाईंको पालोको अन्त्यमा काम सकियो (clock-out; क्लक-आउट) थाहा दिन फोन प्रयोग गर्नुहुनेछ । प्रणालीले स्याहारकर्तालाई जनाउन कर्मचारी शब्द प्रयोग गर्छ र सेवाहरू प्राप्त गर्ने व्यक्तिलाई जनाउन सेवाग्रागी शब्द प्रयोग गर्छ ।

अब काम गर्न थाल्नु (क्लक-इन) का चरणहरूतर्फ लागौं:

1. सदस्यको घरमा भएका बेला एउटा फोनबाट टोल-फ्री नम्बर (निःशुल्क फोन) मा फोन गर्नुहोस् ।
2. काम गर्न थालेको (क्लक-इन) जनाउन "१" (एक) थिच्नुहोस् ।
3. तपाईंको रोजगारदाताको ID (आइडी) का छ-अंक राख्नुहोस् । प्रणालीले उक्त ID (आइडी) तपाईंलाई पढेर सुनाउनेछ, तपाईंले "१" (एक) थिचेर उक्त ID (आइडी) पक्का गर्नुहुनेछ ।
4. तपाईंको सेवाग्राहीको ID (आइडी) का छ-अंक राख्नुहोस् । प्रणालीले उक्त ID (आइडी) तपाईंलाई पढेर सुनाउनेछ, तपाईंले "१" (एक) थिचेर उक्त ID (आइडी) पक्का गर्नुहुनेछ ।
5. प्रणालीले भन्नेछ "क्लक-इन गर्नुभएकामा धन्यवाद । जब तपाईं क्लक-आउट गर्न तयार भएपछि भने फेरि फोन गर्नुहोस् । लौ है बिदा ।"
6. तपाईंले काम गर्न थाल्न (क्लक-इन) गर्नुपर्ने विधि पूरा भएको छ ।

अब काम गरेर सकियो (क्लक-आउट) का चरणहरूतर्फ लागौं:

1. सदस्यको घरमा भएका बेला एउटा फोनबाट टोल-फ्री नम्बर (निःशुल्क फोन) मा फोन गर्नुहोस् ।
2. काम गरेर सकियो (क्लक-इआउट) भनेर जनाउन "२" (दुई) थिच्नुहोस् ।
3. तपाईंको रोजगारदाताको ID (आइडी) का छ-अंक राख्नुहोस् । प्रणालीले उक्त ID (आइडी) तपाईंलाई पढेर सुनाउनेछ, तपाईंले "१" (एक) थिचेर उक्त ID (आइडी) पक्का गर्नुहुनेछ ।
4. तपाईंको सेवाग्राहीको ID (आइडी) का छ-अंक राख्नुहोस् । प्रणालीले उक्त ID (आइडी) तपाईंलाई पढेर सुनाउनेछ, तपाईंले "१" (एक) थिचेर उक्त ID (आइडी) पक्का गर्नुहुनेछ ।
5. service code ID (सर्भिस कोड आइडी) राख्नुहोस् । प्रणालीले उक्त ID (आइडी) तपाईंलाई पढेर सुनाउनेछ, तपाईंले "१" (एक) थिचेर आइडी पक्का गर्नुहुनेछ ।
6. -आउट गर्नुभएकामा धन्यवाद । लौ है बिदा ।"
7. तपाईंले काम सकेको (क्लक-आउट) जनाउने विधि पूरा भएको छ ।

यति त हो ! उक्त प्रणाली प्रयोग गर्न सजिलो बनाइएको छ र जसले काम गर्ने प्रत्येक पालोको सुरु र अन्त्यमा तपाईंको एक मिनेटभन्दा कम समय लिएको हुनुपर्छ । काम गर्न थालेको (क्लक-इन) र काम सकेको (क्लक-आउट) जनाउन तपाईंलाई चाहिने जानकारी लेख्नका लागि यहाँ एउटा ठाउँ छ । जुन सदस्यका लागि तपाईं काम गर्नुहुन्छ वा FMS (एफएमएस) ले जुन सदस्यलाई मद्दत गर्छ, तिनले जानकारी दिनेछन्, जसको तपाईंलाई खाँचो छ ।

| **तपाईंलाई चाहिने जानकारी** | **मेरो जानकारी** |
|---|---|
| TVV/IVR (टीभीभी/आइभीआर) फोन नम्बर | |
| मेरो रोजगारदाताको ID (आइडी) | |
| सदस्यको आइडी ID (आइडी) | |
| सेवा कोड ID(हरू) | |

यदि तपाईंसँग अझै प्रश्नहरू छन् भने कृपया मद्दतका लागि FMS प्रदायकलाई सिधै सम्पर्क गर्नुहोस् ।

ANNKISSAM
An HHAeXchange Company

संस्करण U_1.3 ©Annkissam, 2022